गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वत
कुश्मा, नेपाल

प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको

जनस्वास्थ्य बुलेटिन

वर्ष: २ | अंक: १४ | महिना: १४ | चैत्र २०८१

नयाँ वर्ष २०८२ सालको शुभकामना

नयाँ उमंग, नयाँ उत्साहका साथ आउँदै गरेको यो नयाँ वर्ष २०८२ साल तपाईंहरुको जीवनमा खुशी, समृद्धि, सफलताको नयाँ अध्याय बनोस् भन्दै आगामी दिनमा थप स्वस्थ्य रहनको लागि अनुरोध गर्दछौ ।

स्वस्थ जीवन नै सुखी जीवन हो।

यस नयाँ वर्षमा:

- स्वस्थकर आहार गरौं,
- नियमित व्यायाम गरौं,
- पर्याप्त आराम गरौं,
- सकारात्मक सोच राखौं,
- प्रयाप्त मात्रमा स्वस्थ्य पानि पियौं
- मानसिक र शारीरिक स्वास्थ्यलाई प्राथमिकता दिऔं।
- धुम्रपान र मध्यपानको लतलाई त्यागौं

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत
कुश्मा, नेपाल

घरमा सुत्केरी हुने दर उच्च भएका स्वास्थ्य संस्थामा जनप्रतिनिधि, गर्भवती महिला तथा अन्य सरोकारवलाहरु सगँ सचेतना तथा पैरवि वैठक कार्यक्रम

मिति २०८१/१२/१७ प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजनामा र मोदि गाउँपालिकाको समन्वयमा घरमा सुत्केरी हुने दर उच्च भएका स्वास्थ्य संस्थामा जनप्रतिनिधि, गर्भवती महिला तथा अन्य सरोकारवलाहरु सगँ सचेतना तथा पैरवि वैठक कार्यक्रम भुकताङ्लेमा मोदि गाउँपालिका वडा नं १ का वडा अध्यक्ष श्री चित्र वहादुर गुरुङ ज्यूको अध्यक्षतामा संचालन भएको सम्पन्न भएको छ भने मिति २०८१/१२/२२ धाइरिङ स्वास्थ्य चौकिमा स्वास्थ्य चौकी व्यपस्थापन समितीमा अध्यक्ष दुङ्गनाथ शर्माको अध्यक्षतामा सम्पन्न भएको छ ।स्वास्थ्यकर्मीको अनुपस्थितिमा घरमा सुत्केरी हुँदा आमा, बच्च्चा वा दुबैको स्वास्थ्यमा जटिलता आउने सम्भावना उच्च हुन्छ। तसर्थ घरमा सुत्केरी हुने दर न्यूनीकरण गरी संस्थागत सुत्केरीलाई अभिवृद्धि गर्न तथा मातृ तथा शिशु स्वास्थ्यलाई सुदृढ पार्न स्थानीय तहबाट समेत यसको पैरवी हुन अपरिहार्य छ। घरमा सुत्केरी हुने दर उच्च रहेका क्षेत्रमा जनप्रतिनिधि, गर्भवती महिला तथा अन्य सरोकारवालाहरुसँग सहकार्य गर्दै स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरीको महत्वबारे सचेत गराउन यस कार्यक्रम संचालन गरिएको छ ।यस कार्यक्रममा सहजीकरण ठुलिपोखरी प्राथमिक स्वास्थ्य केन्द्रका मेडिकल अधिकृत डा कृष्ण सुबेदी, मोदी गाउँपालिका मेडीकल अफिसर डा.दीपक रेग्मी र प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वाथ्य अधिकृत अन्जली पि.सी ज्यूले गर्नुभएको थियो ।उक्त कार्यक्रमको संचालन स्वास्थ्य चौकी प्रमुख ज्यूहरुले गर्नुभएको थियो जसमा गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत शाखा प्रमुख, आमा सुरक्षा तथा मातृ सुरक्षा कार्यक्रमको फोकल पर्सन, जनप्रतिनिधि,गर्भवती महिला र स्वास्थ्यकर्मीहरु सहित ८० जनाको उपस्थिति रहेको थियो ।कार्यक्रम सम्पन्न पश्चात् स्वास्थ्य संस्था व्यवस्थापन समितीका सदस्य सहित अन्य सरोकारवला निकाएहरुको उपस्थितिमा सुधार विषयमा छलफल गरी कार्ययोजना बनाइएको थियो

द्रुत प्रतिकार्य समिति तथा द्रुत प्रतिकार्य टोलीको वैठक,RRT परिचालन तथा अभिमुखिकरण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजना र महाशिला गाउँपालिकाको समन्वयमा द्रुत प्रतिकार्य समिति तथा द्रुत प्रतिकार्य टोलीको वैठक,RRT परिचालन तथा अभिमुखिकरण कार्यक्रम मिति २०८१/१२/१२ गते महाशिला गाउपालिकाको सभाहलमा सम्पन्न भयो ।उक्त कार्यक्रम को अध्यक्षता महाशिला गाउँपालिका उपाध्यक्ष धनसुवा वि.क र सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फोकल पर्सन तेज प्रसाद सुवेदी र शाखा प्रमुख नर बहादुर बरालले गर्नु भएको थियो ।कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत विपत समितिका सदस्य RRC RRT टोलीका सदस्य सहित २२ जनाको सहभागिता रहेको थियो।

छुटेका तथा पुनर्ताजकी गर्नुपर्ने स्वास्थ्यकर्मीहरुलाई MNH सेवा र Pregnancy Registration and Tracing (PRTP) app, MPDSR सम्बन्धि अभिमुखिकरण कार्यक्रम

मिति २०८१/१२/२५ देखी १२/२८ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजनामा छुटेका तथा पुनर्ताजकी गर्नुपर्ने स्वास्थ्यकर्मीहरुलाई MNH सेवा र Pregnancy Registration and Tracing (PRTP) app, MPDSR सम्बन्धि अभिमुखिकरण कार्यक्रमको दुई व्याच प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको कार्यालय प्रमुख बद्रीराज आचार्य ज्यूको अध्यक्षतामा सम्पन्न भएको छ ।कार्यक्रमको सहजीकरण प्रदेश अस्पताल कुश्माका एम.डि. जि. पि , डा. मिलन अवाले, पदेश अस्पताल कुश्माका अस्पताल नर्सिङ निरिक्षक सुनिता नेपालि , मेडिक मोवाईलका प्रोगाम अफिसर नारायण रिजाल, प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वाथ्य अधिकृत अन्जली पि.सी र प.हे.न.नि सुमन शर्माले गर्नु भएको थियो। कार्यक्रममा मातृ तथा नवशिशुको वर्तमान अवस्था, pregnancy registration and tracing, MPDSR, Vitamin k, PPH Bundle Approach र Infection Prevention को विषयवस्तु जोडि प्रशिक्षण गरिएको थियो। कार्यक्रममा स्थानिय तहका र प्रदेश अस्पताल कुश्माका नर्सिङ कर्मचारीहरु, जनस्वास्थ्य कार्यालय पर्वतका शाखाका कर्मचारिहरु सहित ५२ जनाको उपस्थिति रहेको थियो।

मासिक भर्चुअल सेसन भाग ११

मिति २०८१/१२/२५ प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतद्वारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग ११ अन्तर्गत २०८१ चैत्र महिनाको सेसन MSS मा सम्बन्धित भइ ३.७.४ प्रकोप न्यूनिकरण व्यवस्था को ३.७.४.४ सम्बन्धित भइ "स्वास्थ्यकर्मीहरुलाइ प्रकोप न्यूनिकरणको अभिमुखिकरण " शिर्षकमा प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतका प्रमुख बद्रिराज आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ। उक्त सेसनको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि.सी गर्नु भएको थियो भने सहजीकरण WHO Health Emergencies ,Provincial Health Emergency Operation Center (PHEOC), MoH, Gandaki Province का field Medical officer डा. राजिव लालचन ज्यू ले गर्नुभएको थियो। २ घन्टा भन्दा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ३५ जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो।

अत्याधुनिक एक्सरे मेशिन द्वारा निशुल्क छातिरोग सम्बन्धि खोजपड्ताल शिविर

प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजना,प्रादेशिक क्षयरोग नियन्त्रण केन्द्र पोखराको प्राविधिक सहयोग र कारागार कार्यालय कुश्मा पर्वतको आयोजनामा कारागार कार्यालय कुश्मामा अत्याधुनिक एक्सरे मेशिन द्वारा निशुल्क छातिरोग खोज पड्ताल शिविर सम्पन्न भएको छ ।उक्त शिविरमा पर्वत कारागारमा रहेका कैदि बन्दी सहित १०३ जनालाई जाँच गरिएको थियो । उक्त शिविरमा एक जना सेवा ग्राहीलाई क्षयरोग निदान गरि उपचार गरिएको छ भने ३ जना शंकास्पद क्षयरोगी भटिएका छन । भेटीएका शंकास्पद क्षयरोगीको निदानको लागी खकारको नमुना संकलन गरिएको थियो भने उक्त शिविरमा १५ जनालाई उच्च रक्तचाप समस्या समेत देखिएको थियो । निजहरुलाई थप उपचारको लागी परामर्श समेत गरिएको थियो । साथै कुश्मा नगरपालिकाका ५१२ जना नागरिकलाई जाँच गरिएको थियो । उक्त शिविरमा ६ जना सेवा ग्राहीलाई क्षयरोग निदान गरि उपचार गरिएको छ भने १५ जना शंकास्पद क्षयरोगी भटिएका छन भने जलजला गा पा मा ५५० जना नागरिकलाई जाँच गरिएको थियो । उक्त शिविरमा २ जना सेवा ग्राहीलाई क्षयरोग निदान गरि उपचार गरिएको छ भने ५ जना शंकास्पद क्षयरोगी भटिएका छन



Covid 19 Pfizer (omicron) खोप कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यलय पर्वतको आयोजना र जलजला गाउँपालिका को समन्वयमा Covid 19 Pfizer (omicron) जलजला गा पा का सम्पूर्ण वार्डमा संचालन भएको थियो जसमा ४८०ले यो खोप प्राप्त गर्नु भएको थियो ।

dhoparbat44@gmail.com hoparbat.gandaki.gov.np 067-420119

हार्दिक बधाई

प्रदेश लोकसेवा आयोग गण्डकी प्रदेशको स्वास्थ्य सेवा चौथो तह अनमी पदमा सिफारिस हुनु भएकोमा प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत अन्तर्गतको बिद्यालय नर्स सहनशिला पौडेल लाई हार्दिक बधाई सहित थप सफलताको शुभकामना ब्यक्त गर्दछौं।

न्यूनतम सेवा मापदण्ड (MSS) समिक्षा र फलोअप कार्यक्रम

स्वास्थ्य शाखा विहादी गाउँपालिका द्वारा आयोजित न्यूनतम सेवा मापदण्ड (MSS) समिक्षा र फलोअप कार्यक्रम सबै स्वास्थ्य संस्थामा सम्पन्न भएको छ।कार्यक्रमको सहजीकरण गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत हरि प्रसाद भुसाल, जनस्वास्थ्य अधिकृत भुपेन्द्रनाथ पाौडेल, जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतमा कार्यरत जनस्वास्थ्य निरिक्षक प्रकाश गौतम, स्टाफ नर्स सिर्जना आचार्यले गर्नु भएको थियो। कार्यक्रम पश्चात आबश्यक कार्ययोजना बनाइएको थियो। MSS Score क्रमश बाच्छा स्वास्थ्य चौकी - ७०%, बर्राचौर स्वास्थ्य चौकी - ६९%,विहादी स्वास्थ्य चौकी - ८२%,वहाकीठाँटी स्वास्थ्य चौकी - ८५%,उरामपोखरा स्वास्थ्य चौकी - ७४% , शालिग्राम स्वास्थ्य चौकी - ६९%

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय

प्रदेश जनस्वास्थ्य कार्यालय, कुश्मा, पर्वत

खोप तथा कोल्डचेन सम्बन्धी सुचना तथा जानाकारी चाहिएमा सम्पर्क गर्ने व्यक्ति तथा सम्पर्क नम्बर

सि.नं.	नाम थर	पद	कार्यालय	सम्पर्क नम्बर
१.	डा. अभियान गौतम	बरिष्ठ स्वास्थ्य प्रशासक	स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा	९८५११११८८६
२.	सञ्जय कुमार महासेठ	जनस्वास्थ्य अधिकृत	स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा	९८५१२२०४४४
३.	सन्जीव शर्मा कट्टेल	फार्मेसि अधिकृत	स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा	९८४३२२८१६३
४.	एकनारायण लम्साल	खोप अधिकृत	प्रादेशिक स्वास्थ्य निर्देशनालय, पोखरा	९८५६०३४७६९
५.	हिमलाल सुवेदी	कोल्डचेन अधिकृत	प्रादेशिक स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, पोखरा	९८५६०२४३७१
६.	बद्रीराज आचार्य	कार्यालय प्रमुख	प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वत	९८५७६३५११९
७.	नारायण प्रसाद रेग्मी	परिवार नियोजन सुपरभाइजर निरिक्षक	प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वत	९८४७७८८७२९
८.	उज्वल गौतम	कोल्डचेन असिस्टेन्ट	प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वत	९८४७७४०५९४
९.	डा. स्मृति लामा	स.ई.मे.अ.	WHO/IPD Pokhara	९८५६०२०७४९
१०.	सुनिल नेपाल	कोल्डचेन प्राविधिक	UNICEF, Pokhara	९८४७०१६३५७

एक स्वास्थ्यकर्मी , एक स्वाथ्य शिक्षा हाम्रो अभियान" अन्तगर्तको विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम

यस चैत्र महिना पर्वत जिल्लाका स्थानिय तहका विद्यालयहरुमा"**औषधीको समूचित प्रयोग, मुख स्वास्थ्य, क्षयरोग, विश्वस्वास्थ्य दिवस** " विषयमा सम्बन्धित वडाको स्वास्थ्यकर्मीहरुले विद्यालय गई स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्नुभएको थियो भने सन्दर्भ सामाग्रि प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतवाट तयार गरि पठाईएको थियो।

कुश्मा नगरपलिका

- मासिक समिक्षा बैठक सम्पन्न।
- क्षयरोग कार्यक्रमको अर्धवार्षिक समिक्षा समपन्न
- पुर्ण खोप सुनिश्चितता कार्यक्रमको सम्पुर्ण प्रकृया समपन्न गरी ५ वटा वडाहरू पनि पुर्ण खोप सुनिश्चितता वडा घोषणा कार्यक्रम सम्पन्न अन्य वडाहरूमा निरन्तरता।
- स्वास्थ्य संस्थाहरूको न्युनतम सेवा मापदन्ड अनुगमन ५ वटा स्वास्थ्य संस्थामा सम्पन्न
- नि- शुल्क एक्स रे सहितको क्षयरोगका बिरामीहरू खोज पडताल शिविर संचालन गरियो, जम्मा ५१६ जनाको स्वास्थ्य परिक्षण गरियो ।
- नसर्ने रोगको स्कृनिङ शिविर संचालन ।

फलेबास नगरपलिका

- पुर्ण खोप वडा सुनिश्चितताका लागि सम्पुर्ण वडामा स्वास्थ्यकर्मीहरु द्वरा घरधुरी सर्वेक्षण सम्पन्न।
- विश्व क्षयरोग दिवस २०८१ को अवसरमा जनप्रतिनिधिहरु, म.स.स्वा.से तथा अन्य सरोकारवालाहरु बिच बृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- क्षयरोग मुक्त अभियान अन्तरगत सूक्ष्मयोजना निर्माणको प्रगति विश्लेषण तथा पुन:योजना निर्माण बैठक कार्यक्रम फलेवास नगरपालिका वडा नं १० मा सम्पन्न।
- नियमित मासिक बैठक तथा स्वास्थ्य संस्थाहरुको मासिक प्रगति समिक्षा।

मोदी गाउँपालिका

- मिति २०८१ साल चैत्र महिना ११ गतेका दिन रसुवा जिल्ला कालिका गाउँपालिका अन्तर्गत रहेको जीव जिबे ग्रामीण अस्पताल अन्तर्गत कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका कर्मचारी तथा कालिका गाउँपालिका वडा नम्बर ५ का जनप्रतिनिधि र पर्वत जिल्ला मोदी गाउँपालिका वडा नं ६ मा रहेको तिलाहार स्वास्थ्य चौकी अन्तर्गत कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका कर्मचारी तथा जनप्रतिनिधिहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।
- यही मिति २०८१ साल चैत्र महिना १५ गतेका दिन मासिक बैठक सम्पन्न भएको छ।
- मोदी गाउँपालिका वडा नं २ मा रहेको देऊपुर स्वास्थ्य चौकी तथा वडा नं ३ मा रहेको देउराली स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न भएको
- पूर्णखोप सुनिश्चितता स्थानीय तह घोषणा को लागि घरधुरी सर्वेक्षण कार्यक्रम सम्पन्न भएको छ ।
- मिति २०२१ साल चैत्र महिनाको ३१ गते आइतबारका दिन मोदी गाउँपालिका स्वास्थ्य शाखाबाट वैशाख महिनामा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरू जस्तै जुकाको औषधि खुवाउने कार्यक्रम, पोषण लेखाजोखा शिविर, तथा पूर्णखोप सुनिश्चितता कार्यक्रम भव्य र सभ्य तरिकाले सञ्चालन तथा व्यवस्थापन गर्नका लागि पूर्व तयारी तथा व्यवस्थापन कार्यक्रम सम्पन्न गरेको छ।

जलजला गाउँपालिका

- पुर्ण खोप वडा सुनिश्चितताका लागि सम्पुर्ण वडामा स्वास्थ्यकर्मीहरु द्वरा घरधुरी सर्वेक्षण सम्पन्न।
- क्षयरोग खोजपड्ताल सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- क्षयरोग कार्यक्रम अन्तर्गत सक्रिय क्षयरोगी खोजपडताल तथा नि:शुल्क x-ray वाट छाति रोगको शिविर सम्पन्न।
- नियमित मासिक बैठक तथा स्वास्थ्य संस्थाहरुको मासिक प्रगति समिक्षा।
- कोभिड १९ विरूदको खोप अभियान संचालन ।

महाशिला गाउँपालिका

- मासिक नियमित समिक्षा वैठक तथा उत्कृष्ठ संस्था पुरस्कृत कार्यक्रम।
- नसर्ने रोगहरूको बृहत स्वास्थ्य शिविर संचालन गरी ६५५ जना लाभान्वित।
- सबै वडाहरुका गर्भवतीहरुलाई ग्रामिण नि:शुल्क भिडियो एक्सरे कार्यक्रम संचालन ।
- सबै वडाहरुमा पूर्ण खोपको घरधुरी सर्वेक्षण कार्यक्रम।
- सबै वडाहरुका ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण तथा स्वास्थ्य शिक्षा प्रदान।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।
- पालिका स्तरिय द्रुत प्रतिकार्य टोली(RRT)को अभिमुखिकण कार्यक्रम।

बिहादी गाउँपालिका

- स्वास्थ्य कार्यक्रमको नियमित बैठक तथा समिक्षा
- जागृति बाल तथा युवा सरोकार नेपाल (JCYCN) को आयोजना र गाउँपालीकाको समन्वयमा बाल अधिकार र बाल पोषण प्रवर्धन परियोजनाको समिक्षा तथा बाल अधिकार र बाल पोषण प्रवर्धनमा महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाको भूमिका विषयक १ दिवसीय अभिमुखीकरण कार्यक्रम सम्पन्न
- विश्व क्षयरोग दिवसको अवसरमा सबै स्वस्थ्य संस्थाहरुबाट समुदायमा क्षयरोग सम्वन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न
- गाउँपालिका अन्तर्गत अपाङ्गता भएका ७ जना बिरामीहरूलाई सहायता सामग्री (ह्विवील चियर) वितरण
- सबै स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड (MSS) समिक्षा र फलोअप कार्यक्रम सम्पन्न

पैयु गाउँपालिका

- पुर्ण खोप वडा सुनिश्चितताका लागि सम्पुर्ण वडामा स्वास्थ्यकर्मीहरु द्वरा घरधुरी सर्वेक्षण सम्पन्न।
- विश्व क्षयरोग दिवस २०८१ को अवसरमा पैंयूँ ३ बेउलीबासमा छाति रोग सम्बन्धि शिविर तथा समुदाय स्तरमा क्षयरोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- क्षयरोग कार्यक्रम अन्तर्गत सक्रिय क्षयरोगी खोजपडताल तथा स्थलगत अनुशिक्षण कार्यक्रम संचालन।
- नियमित मासिक बैठक तथा स्वास्थ्य संस्थाहरुको मासिक प्रगति समिक्षा।
- उपाध्यक्षसंग गर्भवती तथा सुत्केरी सन्चो विसन्चो कार्यक्रमको निरन्तरता ।
- गर्भवतीसंग USG कार्यक्रमको निरन्तरता ।